# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १ गते २०३२ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका सरकारी कर्मचारीलाई देहायबमोजिम पदेन सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता नियुक्ति गरेको छः–

१. सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको अनुपस्थितिमा निजले प्रयोग गर्न पाउने अधिकार र पालन गर्नुपर्ने कर्तव्य सबै प्रयोग र पालन गर्नको लागि र निज उपस्थित रहे पनि कामको भीडले वा कुनै मुद्दाको मौका तहकिकात वा सरजमिन गर्ने काममा गएको वा जानुपर्ने भई उपलब्ध नहुनेमा अर्को मुद्दाको तहकिकात वा सरजमिन गर्ने कामका लागि क्रमशः–

(क) सो सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता रहेको सरकारी वकील कार्यालयको सबै ना. सु. तथा खरदार,

(ख) सम्बन्धित क्षेत्रीय सरकारी अधिवक्ताको कार्यालयको सबै ना. सु. तथा खरदार र

(ग) सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कार्यालयको सबै ना. सु. तथा खरदार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८३